## **निर्णय**

राष्ट्रिय सरोकार तथा समन्वय समितिको आज मिति २०७८/०४/१२ गते बसेको बैठकमा समितिको आ.ब. ०७७/७८ को बार्षिक प्रतिवेदनको मस्यौदा माथि छलफल भई समितिका सदस्यहरुबाट प्राप्त सुझावहरु समावेश गरी परिमार्जित बार्षिक प्रतिवेदन पारित गरी राष्ट्रिय सभामा पेश गर्ने निर्णय गरियो ।

## समितिको मिति २०७८/०४/११ गतेको निर्णय

राष्ट्रिय सरोकार तथा समन्वय समितिको आज मिति २०७८/०४/११ गते बसेको समितिको बैठकमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट भइरहेको कामकारवाही र भावी कार्यदिशा विषयमा छलफल भई देहाय बमोजिम निर्णय भयो ।

१) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा रिक्त रहेको सदस्य पदमा अविलम्ब नियुक्ति गर्न नेपाल सरकारलाई निर्देशन दिने ।

२) वित्तिय संघीयतको प्रभावकारी कार्यान्वय गर्ने सन्दर्भमा प्राकृतिक स्रोत सम्बन्धी एकीकृत कानून यथाशिघ्र निर्माण गर्न, एकल र साझा अधिकार सूचीमा थप स्पष्टता गर्न स्थानीय तहमा जाने विभिन्न प्रकारका अनुदान रकमलाई एकीकृत र नतीजामुखी बनाउने नीति निर्माण गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउन, दोहरो राजस्व अधिकार क्षेत्र भित्र परेकामा त्यस्ता कर, राजस्व उठाउने र बाँडने सम्बन्धमा थप प्रस्टता गर्न अन्तर सरकारी वित्तिय हस्तान्रणलाई समन्यायिक, वस्तुगत र यर्थाथ परक बनाउन स्थानीय तहसम्म खण्डीकृत, स्तरीकृत र अद्यावधिक तथ्याङ्क तयार गर्ने ।

३) समितिको आ.व. २०७७/०७८ को बार्षिक प्रतिवेदनको मस्यौदा अध्ययन तथा छलफलको लागि माननीय सदस्यहरुलाई वितरण गरियो ।